मुख्यमन्त्री

मानननीय मुख्यमन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# लोकतन्त्र दिवसको शुभकामना

देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी/ दाजुभाइमा लोकतन्त्र दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै नेपालमा लोकतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा ज्यान गुमाउन ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

वैशाख ११ गते एक सामान्य दिन होइन । २०६२/६३ को आन्दोलन र त्यसअघिका राजनीतिक घटनाक्रमका प्रभावले नेपालमा राजतन्त्रले घुँडा टेकेको दिन हो । यहि दिन पुनर्स्थापना भएको संसदले नेपालमा गणतन्त्र स्थापना गरेको हो । जसको फलस्वरुप अहिले हामी संघीय गणतान्त्रिक शासन व्यवस्थाको अभ्यास गर्दै आएका छौं । लामो संघर्षबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्नु अहिलेको महत्वपूर्ण जिम्मेवारी हो । देशमा स्वच्छ राजनीतिक संस्कारको विकास तथा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने सोचसहित अघि बढे मात्र यो शासन व्यवस्था प्रभावकारी हुन्छ । यसका लागि गण्डकी प्रदेश सरकार प्रतिबद्ध छ ।

यतिका लामो संघर्षपछि संविधानसभामार्फत् बनेको संविधान र त्यसपछि बनेको ३ तहका सरकारलाई अझ प्रभावकारी र जनमुखी बनाउनका लागि सहमति र सहकार्य नै सबैभन्दा ठूलो शक्ति हो । हामी अहिले निर्वाचनको संघारमा छौं । स्थानीय तहको निर्वाचनको प्रक्रिया चलिरहेको छ भने यहि वर्षभित्र प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचन हुँदैछ । निर्वाचनलाई स्वच्छ र निश्पक्ष रुपमा सम्पन्न गर्नका लागि सम्बन्धित सबैमा म हार्दिक अनुरोध गर्दछु ।

हाम्रो अबको साझा लक्ष्य आर्थिक समृद्धि हो । नागरिक सन्तुष्टि नै कुनै पनि व्यवस्था सफलताको कडी हो । यसका लागि सबै राजनीति दल, नागरिक समाज, निजी क्षेत्रसहित सम्पूर्ण नेपाली एकजुट भएर अगाडि बढ्न यस दिवसले हामी सबैलाई प्रेरणा मिलोस भन्दै हार्दिक शुभकामना प्रकट गर्दछु ।

२०७९ वैशाख ११

कृष्णचन्द्र नेपाली पोखरेल